# एस.ओ.एस. बहिनी बालगृहमा आश्रित अनाथ बालिकाको अध्ययन

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर**

**दोस्रो वर्षको समाजशास्त्र विषयको आंशिक आवश्यकता**

**पूरा गर्न तयार पारिएको**

**शोध पत्र**


**शोधार्थी**

दुर्गा शर्मा

रोल नं. : ७९/०६८

परीक्षा रोल नं. : ४८०४१६

रजिष्ट्रेशन नं. : ६-२-४८-१७९१-२००८


**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**समाजशास्त्र ग्रामिण विकास विभाग**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**

**२०७६**

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS

520142
520143
520389
523462
526837
527440
531944

पत्र संख्या :
चलानी नं. :

(समाजशास्त्र ग्रामिण विकास विभाग)

भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण बहुमुखी क्याम्पसमा मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र ग्रामिण विकास विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्रा दुर्गा शर्माद्वारा **"एस.ओ.एस. बहिनी बालगृहमा आश्रित अनाथ बालिकाको अध्ययन"** मा आधारित रहि शोधपत्र आवश्यक मूल्याङ्कनका लागि समिति समक्ष सिफारिस गर्दछु ।

..........................................

उप प्रा. शिव बहादुर थापा
शोध निर्देशक
समाजशास्त्र ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति :- २०७६/४/२६

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
520142
520143
520389
523462
526837
527440
531944
पत्र संख्या :
चलानी नं. :
(समाजशास्त्र ग्रामिण विकास विभाग)
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि दुर्गा शर्माद्वारा तयार गरी प्रस्तुत गरिएको **"एस.ओ.एस. बहिनी बालगृहमा आश्रित अनाथ बालिकाको अध्ययन"** शिर्षकमा एस.ओ.एस. बहिनी नेपाल पोखरा-७ मासबार, कास्कीमा आधारित रही तयार पारिएको शोधपत्रलाई मूल्याङ्कन समितिबाट स्वीकृत प्रदान गरिएको छ।

## मूल्याङ्कन समिति

........................................

(उप प्रा. शिव बहादुर थापा)

........................................

(उप प्रा. मुकुन्द लम्साल)

बाह्य परीक्षक

..........................................

(प्रा.डा. विश्वकल्याण पराजुली)

विभागीय प्रमुख

मिति: २०७६/०४/२८

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय मानविकी समाजशास्त्र संकाय अर्न्तगत स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको समाजशास्त्र विषयको शोधपत्र लेखन स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्ति गर्न बालगृहमा आश्रित अनाथ बालिका अन्तर्गत एसो.एस. बहिनी नेपाल पोखरा ७ का बालिकाहरूको निमित्त गरेको कार्यहरूको अध्ययन गरिएको छ । यो शोधपत्र तयार पार्ने क्रममा सहयोग सुझाव र परामर्श दिई सहयोग गर्नु हुने मेरो शोधपत्र निर्देशक आदरणीय शुरु शिव वहादुर थापा प्रति हार्दिक आभार व्यक्त गर्दछु । मैले पेस गरेको शोध शीर्षकलाई अध्ययनको लागि अनुमति प्रदान गर्नुहुने पृथ्वीनारायण क्याम्पस समाजशास्त्र ग्रामीण विकास विभागीय प्रमुख विश्वकल्याण पराजुलीप्रति आभार प्रकट गर्दछु । त्यस्तैगरी यस शोध अध्ययनमा थप उर्जा प्रदान गर्नुहुने समाजशास्त्र/ग्रामीण विकास विभागका प्रध्यापक, सह-प्राध्यापक, उप-प्रध्यापक, शिक्षण सहायक गुरुहरूप्रति कृतज्ञता ज्ञापन व्यक्त गर्दछु ।

तथ्याङ्क सङ्कलनका क्रममा महत्वपूर्ण सहयोग एवम् जानकारी उपलब्ध गराउने एसो.एस. बहिनी नेपालकी सि.इ.ओ शोभा पहारी र कार्यक्रम निर्देशक गिता प्रजाप्रति हार्दिक आभार व्यक्त गर्दछु । तथ्याङ्क सङ्कलनको क्रममा मैले सोधका प्रश्नहरूको जवाफ हसिलो मुहारबाट व्यक्ति गरिदिने उत्तरदाता बहिनीहरूप्रति धन्यवाद व्यक्त गर्दछु ।

शोध अध्ययनको लागि समय छुट्याई प्रत्येक पल पलमा उर्जा प्रदान गरी प्रेरणादायी भूमिका निर्वाह गर्ने मेरो जीवन साथी हेम बहादुर थापा, दिदी सुनीता सुवेदी, बहिनी लेनिटी सुवेदी, स्पन्दन थापा, सविता भण्डारी प्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस शोधपत्रलाई कम्प्युटर टाइप गरी पूर्ण स्वरुप प्रदान गर्न सहयोग पुऱ्याउने द क्रियटिभ कम्प्युटर सर्भिस, पोखरा-१, बगर प्रति धन्यवाद व्यक्त गर्दछु ।

मिति : २०७६/०४/२४

..........................

दुर्गा शर्मा

# शोध सार

मानव जीवनको पहिलो चरण नै बाल्यकाल हो । यहि बाल्यकालमा उनीहरू आफ्नो आमा बाबु घर परिवारको माया ममता पाएर हुर्कने बढ्ने बेलामा अनाथ, असाय, बेवारिसे अवस्थामा रहन अझै पनि बालबालिका बाध्य रहेका छन् । उनीहरूको यस्तो दयनीय अवस्थालाई मध्यनजर गर्दै विभिन्न गैरसरकारी संस्थाहरूले बालबालिकाको हक हितका लागि केही गर्ने प्रतिवद्धताका साथ स्थापना भएका छन् । जसले गर्दा केही मात्रामा भएपनि अनाथ बालबालिकाहरूले सेवा सुविधा प्रधान भएको छ ।

"बालबालिकाको अधिकार सम्बन्धी सरोकार नामक संस्थाले दिएको परिभाषा अनुसार अठार वर्ष भन्दा मुनिका मानवीय व्यवहार देखाउने बालबालिकाको समूह जो शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकाहरूलाई जनाउदछौं । बालबालिका सम्बन्धी विभिन्न ऐन, नियम, कानुन बनेता पनि आफै पनि बालबालिकाहरू सडकमा भौतारिरहेका र बेसहारा अनाथ जीवन बिताउन बाध्य भएका छन् । बालबालिका सम्बन्धी ऐन, २०४८ का अनुसार हेरचाह गर्ने बाबुआमा वा परिवारको अन्य कुनै सदस्य नभएका वा भए पनि उनीहरूबाट तिरस्कृत र जीविकोपार्जनका लागि कुनै स्रोत नभएका बालबालिकालाई अनाथ र बेसहारा बालबालिका भनिन्छ ।

तिनै अनाथ बालबालिकालाई विभिन्न सरकारी गैरसरकारी संस्थाहरूमा संरक्षित गरी राखिएको छ । बालगृहमा आउनुपर्ने कारणहरूमा परिवारको आर्थिक अवस्था कमजोर हुनु, आमाबाबु गुमाउनु । आमाबाबुको सम्बन्ध राम्रो नहुनु विभिन्न भइपरी आउने विपत्ति, द्वन्द्वपीडित आदि रहेका छन् । यस्तै असंरक्षित बालिकाको आधारमा रही यिनै बालिकालाई बालगृहमा संरक्षण दिन किन आवश्यक पऱ्यो उनीहरूको अतिरिक्त क्रियाकलापमा चाहना कस्तो छ ? उनीहरू कसरी पूर्नस्थापित हुन्छन् ? भन्ने मुख्य समस्याहरूलाई केलाउनको निम्ति पोखरा-७, मासबारमा अवस्थित एस.ओ.एस. बहिनी नेपाल नामक संस्थामा रहेका ७३ जना बालिकाहरूमा आधारित रही यो अध्ययन गरिएको छ । वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी यो शोध अध्ययनमा उचित उद्देश्य हासिल गर्नको निम्ति तथ्याङ्क संकलन गर्ने प्राथमिक स्रोत र द्वितीय स्रोत लिइएको छ । प्राथमिक तथ्याङ्क विधिमध्ये प्रत्यक्ष सहभागी अवलोकन, अन्तरवार्ता, प्रश्नावली अनुसूची तयार गरी

जनगणना विधिबाट अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ । यसरी संख्यात्मक रूपमा संकलित तथ्याङ्कहरूलाई साधारण तालिका संख्या र प्रतिशतले स्पष्ट सूची प्रस्तुत गरी प्राप्त सूचनालाई वर्णनात्मक प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

यस बालगृहमा संरक्षित सम्पूर्ण बालिका मात्र रहेको पाइयो । अनाथ बेसहारा मध्य ब्राह्मण/क्षेत्री समुदायका हिन्दु धर्म मान्ने बालिकाहरूको संख्या बढी भएको यस शोध अध्ययनको तथ्याङ्कबाट थाहा हुन आउछ । बालगृहमा संरक्षित हुन आउनुको मुख्य कारणहरूमा आर्थिक अवस्था कमजोर, आफ्नो आमाबाबु गमाउनु, आमाबाबुको नराम्रो सम्बन्ध, दैविक प्रकोप आदि रहेका छन् ।

बालबालिकाको अतिरिक्त क्रियाकलापको चाहनाहरूमा सबैभन्दा बढी खेलकूदमा रूचि रहेको अध्ययनले देखाउछ । यसका अतिरिक्त संगित, कला, साहित्य, भ्रमण आदिलाई पनि अतिरिक्त क्रियाकलापको चाहनाभित्र रहेको पाइन्छ ।

पूर्नस्थापित बालिकाहरूमध्य सबैभन्दा बढी ५-१० सम्मका (३७.७३%), एस.ई.ई. पास गरेका (२८.३०%), १०+२ पास (९.४३%), प्राविधिक शिक्षा पास (१८.८६%) रहेको पाइयो । पूर्नस्थापित बालिकाहरू प्राय आयमूलक कार्यमा लागेको पाइयो । संरक्षित बालिकाहरू आफ्नो अध्ययन पश्चात विभिन्न क्षेत्रहरू कोही भेटनरी, नर्सिङ, फार्मेसी, एजुकेशन, होटेल म्यानेजमेन्ट, टेक्निकल विषय लिएर काम सुरु गरेका छन् । पढाईमा कमजोर हुनेहरूलाई सीपमूलक तालिम दिई उनीहरूलाई आत्मनिर्भर बनाई पूर्नस्थापित गरिने गरेको पाइयो ।

# विषय सूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | ii |
| स्वीकृति पत्र | | iii |
| कृतज्ञता ज्ञापन | | iv |
| शोधसार | | v |
| विषय सूची | | vii |
| तालिका सूची | | x |
| **अध्याय एक : अध्ययनको परिचय** | | **१-८** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको उद्देश्य | ६ |
| १.४ | अध्ययनको महत्त्व | ६ |
| १.५ | अध्ययनको सीमा | ७ |
| १.६ | मुख्य शब्दावलीहरूको परिभाषा | ७ |
| १.७ | अध्ययनको सङ्गठनात्मक ढाँचा | ८ |
| **अध्याय दुई : पूर्व साहित्य समीक्षा** | | **९-२१** |
| २.१ | बालबालिका सम्बन्धी ऐतिहासिक पृष्ठभूमि | ९ |
| | २.१.१ विश्वमा बालबालिकाको अवस्था | ९ |
| | २.१.२ नेपालमा बालबालिकाको अवस्था | ९ |
| २.२ | सैद्धान्तिक समीक्षा | १२ |
| | २.२.१ बालअधिकार सम्बन्धी सिद्धान्त | १३ |
| | २.२.२ बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धी | १४ |
| २.३ | पूर्व साहित्यको समीक्षा | १८ |
| **अध्याय तीन : अनुसन्धान पद्धति** | | **२२-२४** |
| ३. | अध्ययन विधिहरू | २२ |
| ३.१ | अध्ययन क्षेत्र छनोटको औचित्य | २२ |
| ३.२ | अनुसन्धानको ढाँचा | २२ |
| ३.३ | तथ्याङ्कको स्रोत | २२ |

| | | |
|---|---|---|
| ३.४ | जनसंख्या र जनगणना विधि | २३ |
| ३.५ | तथ्याङ्क संकलन विधि | २३ |
| | ३.५.१ प्रत्यक्ष सहभागी अवलोकन | २३ |
| | ३.५.२ मुख्य जानकारसँगको अन्तरवार्ता (अनुसूची) | २३ |
| | ३.५.३ प्रश्नावली (अनुसूची) | २३ |
| ३.६ | तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण | २४ |
| **अध्याय चार : उत्तरदाताको सामाजिक जनसाङ्ख्यिक विवरण** | | **२५-३४** |
| ४.१ | अध्ययन क्षेत्रको परिचय | २५ |
| | ४.१.१ बालगृहमा संरक्षित बालिकाको अवस्था | २६ |
| | ४.१.२ बालगृहमा गरिने कार्यक्रमहरू | २८ |
| ४.२ | संरक्षित बालिकाको सामाजिक जनसाङ्ख्यिय विवरण | ३१ |
| | ४.२.१ धर्म | ३१ |
| | ४.२.२ जात/जातीयता | ३२ |
| | ४.२.३ शिक्षा | ३३ |
| **अध्याय पाँच : बालगृहमा बस्ने बालिकाको अतिरिक्त क्रियाकलापप्रतिका चाहनाहरू** | | **३५-३७** |
| ५.१ | बालिकाको अतिरिक्त क्रियाकलापप्रतिका चाहनाहरू | ३५ |
| ५.२ | बालगृहको भूमिका | ३६ |
| ५.३ | संस्थाले पढाइको साथसाथै अन्य अतिरिक्त क्रियाकलाप सिक्न | ३७ |
| **अध्याय छ : यस संस्थामा संरक्षित गृहमा बस्ने बालिकाको पुर्नस्थापनाको अवस्था** | | **३८-४१** |
| ६.१ | यस एस.ओ.एस. बहिनी नेपाल आउनु पूर्वको अवस्था | ३८ |
| ६.२ | बालिकाहरूलाई यस बालगृहसम्म ल्याउने सहयोगीहरू | ३९ |
| ६.३ | बालगृहमा संरक्षित बालिकाहरूको पुर्नस्थापना | ३९ |
| ६.४ | पुर्नस्थापित भएका बालिकाको अवस्था | ४० |
| ६.५ | प्रत्यक्ष सहभागी अवलोकनबाट प्राप्त तथ्याङ्कहरू | ४० |
| | ६.५.१ बालगृहको बाहिरी वस्तुस्थिति | ४० |
| | ६.५.२ सामाजिकीकरण | ४१ |
| | ६.५.३ दैनिक गतिविधी | ४१ |

**अध्याय सात : सारांश, निस्कर्ष र सुझाव** **४२-४५**
७.१ सारांश ४२
७.२ प्राप्ति ४३
७.३ निस्कर्ष ४४
७.४ सुझाव ४५
**सन्दर्भ सूची**
**अनुसूचीहरू**

# तालिका सूची

| तालिका | पेज नं. |
|---|---|
| तालिका २.१ : वडा नं. ७ मा स्थित बालबालिका संरक्षणको निमित्त सञ्चालित बालगृहहरू | ११ |
| तालिका ४.१ : उमेर अनुसार संरक्षित बालिका | २७ |
| तालिका ४.२ : जिल्ला अनुसार संरक्षण बालिकाहरू | २७ |
| तालिका ४.३ : उत्तरदाता बालिकाको धर्म अनुसार विवरण | ३२ |
| तालिका ४.४ : उत्तरदाता जात/जातीयता अनुसार विवरण | ३२ |
| तालिका ४.५ : शिक्षा अनुसार बालिकाको विवरण | ३३ |
| तालिका ५.१ : बालिकाहरूको अतिरिक्त क्रियाकलापप्रतिको चाहना | ३५ |
| तालिका ५.२ : बालिका अध्ययन गर्ने विद्यालयको प्रकृति | ३६ |
| तालिका ६.१ : संरक्षित बालिकाहरू शिक्षा अनुसार पूर्नस्थापित विवरण | ३८ |